पत्रकार मित्रहरु, अभिवादन ।

सर्वप्रथम नेपालीको घरदैलोमा भित्रिदै गरेको दिपावली, न्यँहू दयाँ भिन्तुना, छठ तथा बडाङ्गी पर्वको अवसरमा हार्दिक मंगलमय शुभकामना ।

धनकुटा नगरपालिकाले चालु आर्थिक बर्षको चार महिनाको अविधिमा सञ्चालित कार्यक्रम तथा योजनाहरु निम्नानुसार रहेका छन् ।

**कृषि विकास कार्यक्रम तर्फ**

- धनकुटा नगरपालिकाको कृषि नीति तयारको लागि सम्बन्धित पक्षहरु सँग प्रारम्भिक छलफल गरी निर्माणको चरणमा रहेका छौं ।
- मेयर कृषि कार्यक्रम अर्न्तगत धनकुटा नगरपालिकालाई एभोकाडोको राजधानी तथा ड्रयागन फलको पकेट क्षेत्रको रुपमा विकास गर्न उन्नत जातको एभोकाडोको स्तरीय विरुवाको नर्सरी निर्माण गर्न सुरु गरिएको र नगरपालिकाको सुख्खा क्षेत्रमा ड्रायगन फलको ब्यवसायिक खेतीको लागि कृषक समूह निर्माण गरी कार्य अघि बढिसकेको अवस्था छ ।
- परिचयमोडमा रहेको खाली स्थानलाई पार्कको रुपमा विकास गर्न एभोकाडो को प्रतिमा २०७५ मंसिर ८ गते अनावरण तथा एभोकाडो महोत्सव गरिने साथै नगरका उत्कृष्ट एभोकाडो कृषकहरु छनोट गरी पुरस्कृत कार्यक्रम रहेको छ ।
- कृषकहरुको माग अनुसार वागवानी तथा बाली विकास कार्यक्रमको लागि नियमित रुपमा विउ वितरण गरिरहेको तथा कृषि सेवा नियमित प्रदान गरिरहेको ।

**पर्यटन विकास तर्फ**

- नगर क्षेत्रमा पर्यटकलाई आकर्षित गर्न विभिन्न पार्क तथा सडक छेउछाउमा फूल तथा आकर्षक विरुवाहरु रोपि संरक्षण गरिरहेका छौ । नगरको रमाइलो घुम्ती, परिचयमोड, सल्लेरी बनक्षेत्र, आयुर्वेद औषधालय, स्कुल डाँडा तथा हिले बजार आसपासको क्षेत्रमा फुलबारी निर्माण तथा वृक्षारोपण सम्पन्न भइसकेको ।
- चुलीबन भ्यूटावरको निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।

**सूचना प्रविधि तर्फ**

- नगरपालिकाले निकट भविष्यमा नै नगरका मुख्य मुख्य चोकमा फ्रि वाइफाईको ब्यवस्था गर्ने कार्यक्रम रहेकोछ ।
- नगरका सूचनाहरु नगरवासीहरुमा समयमानै सहज ढंगबाट पुऱ्याउनको लागि डिजीटल सूचना पाटी तथा अडियो सूचना पाटीको ब्यवस्थापन गरिएको छ भने मोवाइल एपको तयारी अन्तिम चरणमा पुगेको छ ।

**भौतिक पूर्वाधार तर्फ**

- धनकुटा बसपार्कमा सौर्य सडक बत्ति जडान गरी रात्रीकालीन समयमा हुने यात्रु आवागमनलाई सहज बनाइको ।
- वडा नम्बर १, ७ र ८ मा मेलमिलाप कक्ष निर्माण गरिएको ।
- वेलहारा स्वास्थ्य चौकीको मर्मत तथा संरक्षण गरिएको ।
- चालु आवका योजनाहरु ब्यवस्थित ढंगबाट सञ्चालनको लागि उपभोक्ता समिति गठन, सञ्चालन तथा ब्यवस्थापन कार्यविधि २०७५ कार्यपालिका बैठकबाट पारित गरिसकिएको र सोही कार्यविधिअनुरुप उपभोक्ता समिति गठन प्रक्रिया अघि बढेको ।
- नगरपालिका स्तरीय योजनाहरुको लगत इष्टिमेट तथा डि.पि.आर. निर्माणको कार्य भइरहेको ।

**प्रशासन तर्फ**

- शहरी शुसासन प्रवर्द्धन र धनकुटा नगरपालिकाका क्रियाकलापहरुलाई ब्यवस्थित ढंगबाट सञ्चालन गर्न तथा भौतिक संरचनाहरुको संरक्षण, व्यवस्थापन गर्न सघाउ पऱ्याउने उद्देश्यका साथ जम्मा ११ जना नगर प्रहरी भर्ना तथा आवश्यक तालिम सम्पन्न गरी कार्यक्षेत्रमा खटाउन सुरु गरिएको ।
- नगरमा रहेको वारुण यन्त्रलाई प्रभावकारी तथा ब्यवस्थित रुपमा सञ्चालनको लागि आवश्यक तालिम प्रदान गरिएको ।
- दैनिक प्रशासनिक गतिविधीहरु तथा कर्मचारी ब्यवस्थापन सहज तथा सरल रुपमा गरिरहेको ।

## समाजिक विकास तर्फ

- धनकुटा नगरपालिकालाई २०७६ चैत्र सम्ममा बालमैत्री नगर घोषणा गरी सक्ने लक्ष्यका साथ वडा नं १, २ र मा बालमैत्री वडा घोषणाको लागि अभिमुखीकरण तथा लगानी योजना निर्माण सम्पन्न गरिसकिएको । र सोह कार्यक्रमको लागि सरोकारवाला निकायहरु सँग अर्न्तक्रिया कार्यक्रम तथा बालमैत्री आचार संहिता निर्माण गर् सकिएको ।
- ५ बर्षे आवधिक योजना निर्माणको अन्तिम तयारी भइरहेको ।
- बालक्लब गठन, संचालन तथा नियमनको कार्यक्रमहरु सम्पन्न भएको ।
- ज्येष्ठ नागरिक परिचय पत्र तथा सामाजिक सुरक्षा भत्ता सहज रुपमा वितरण भइरहेको ।

## स्वास्थ्य कार्यक्रम तर्फ

- नगरको स्वास्थ्य विकास कार्यक्रमहरु नियमित भइरहेको तथा बर्थिङ्ग सेन्टरमा प्रसुती हुने आमा तथा नवजात शिशुहरुको लागि न्यानो झोला खरिद गरि वितरण गरिएको ।

## वातावरण व्यवस्थापन तर्फ

- फोहरमैला व्यवस्थापनको कार्य नियमित रुपमा भइरहेको । र फोहर उत्पादनको मात्रा क्रमश बढ्दै गइरहेकोले त्यसको व्यवस्थापनको लागि आवश्यक छलफल भइरहेको ।
- नगरको नमुना फोहरमैला व्यवस्थापन केन्द्रको अवलोकन भ्रमण तथा सिकाईको लागि आउने आगन्तुकहरुको संख्या वृद्धि भैरहेको । सिकाईको लागि आउने आगन्तुक संस्थाहरुलाई सेवा प्रदान गरेबापत नगरपालिकाले रु. ५००० शुल्क लिइरहेको ।
- जलवायू अनुकुलन गाउँ कार्यक्रम अर्न्तगत वडा नं १ का ५० घरधुरी कृषकहरुलाई अनुदानमा कृषि विकास कार्यक्रम उपलब्ध गराइएको । र कार्यक्रमको निरन्तरता रहेको छ ।

## शिक्षा तर्फ

- नगर क्षेत्रभित्रका ५-१२ उमेर समुहका बालबालिका विद्यालय बाहिर नरहेको कार्यक्रम सम्पन्न भएको । र नियमित रुपमा शिक्षा विकास कार्यक्रमहरु सञ्चालन भइरहेको ।

## राजश्व तर्फ

- २०७५ श्रावण १ गतेबाट नगरमा घर बहाल कर लागु गरिएको ।
- सम्पत्ति कर नियमित रुपमा संकलन गरिरहेको ।
- ब्यवसायी कर, विज्ञापन कर, मनोरञ्जन कर संकलन गरिरहेको ।
- करको दायरालाई फराकिलो पार्ने विषयमा छलफल भइरहेको । तत्काल करका दरहरु नबढाइको ।
- चालु आवमा रु. २ करोड ६० लाख राजश्व संकलन गर्ने लक्ष्य लिइएकोमा कार्तिक १५ सम्ममा रु. ८० लाख राजश्व संकलन भइसकेको ।

## आर्थिक प्रशासन तर्फ

- नगरको चालु तर्फको कूल बजेट रु. ३६ करोड १७ लाख विनियोजन गरिएकोमा रु. ९ करोड १३ लाख खर्च भएसकेको तथा पूँजीगत तर्फको कूल बजेट रु. १६ करोड बहत्तर लाखमा अहिले सम्म रु. २ करोड २७ लाख खर्च भएको जानकारी गराउन चाहान्छु ।

धन्यवाद ।

चिन्तन तामाङ्ग
नगर प्रमुख, धनकुटा नगरपालिका
मिति २०७५/७/१८ गते